श्री आदर्श आधारभुत विद्यालय

Shree Aadarsha Basic School

तिनाउ-५, बिस्कुनडाँडा, पाल्पा, नेपाल

Tinau-5, Biskunḍanda, Palpa, Nepal

स्था: २०७५ **(Estd. 2018)**

पत्र संख्या:- २०८३/०८४

चलानी नं:- २८

मितिः २०८३/०६/२९

श्री सम्बन्धित सबै।

<u>विषयः सरुवा सहमतिका लागि दरखास्त आह्वान सम्बन्धमा ।</u>

प्रस्तुत विषयका सम्बन्धमा यस श्री आदर्श आधारभूत विद्यालय तिनाउ-५ विस्कुनडाँडा, पाल्पामा निम्न माध्यमिक तह तृतीय श्रेणी नेपाली विषयको १ (एक) शिक्षक दरवन्दी रिक्त रहेको हुँदा शिक्षा नियमावली, २०५९ (दशौं संशोधन २०८३) को नियम तथा प्रचलित कार्यविधिको अधिनमा रही खुल्ला प्रतियोगितात्मक पदपूर्ति गर्न मिति २०८३/०६/२१ गते बसेको विद्यालय व्यवस्थापन समितिको बैठकको निर्णय र मिति २०८३।०६।२९ गतेको तिनाउ गाउँपालिकाको अनुमति पत्र अनुसार योग्यता पुगेका इच्छुक स्थायी शिक्षकहरूको लागि यो सूचना प्रकाशित गरिएको छ । सूचना प्रकाशित भएको मितिले १५ दिन भित्र (२०८३/०७/१२ गते सम्म) आवश्यक कागजात सहित विद्यालयमा कार्यालय समय भित्र वा आधिकारिक ई-मेल (adarshnimavid@gmail.com) मा आवेदन पेश गर्नुहुन सम्बन्धि सबैका लागि यो सूचना आह्वान गरिएको छ ।

<u>पेश गर्नुपर्ने कागजातहरू:</u>

- सरुवाका लागि निवेदन ।
- नेपाली नागरिकताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि ।
- आफ्नो सेवा अवधि खुलेको कागजात ।
- स्थायी नियुक्तिपत्रको प्रमाणित प्रतिलिपि ।
- शैक्षिक योग्यता तथा तालिमका प्रमाणपत्रहरूको प्रमाणित प्रतिलिपि ।
- हाल कार्यरत विद्यालय र स्थानीय तहमा हालको पदमा सुरु हाजिरी भएको कागजात ।
- असाधारण तथा वेतलबी विदा लिए वा नलिएको सम्बन्धित कागजात ।
- विद्यालयको सहमति पत्र ।
- सम्बन्धित स्थानीय तहको सहमति पत्र ।
- शिक्षा नियमावली २०५९ (दशौं संशोधन २०८३) बमोजिम प्राथमिकता दावी गर्ने प्रमाण कागजात (आवश्यक भएमा) ।
- शिक्षा नियमावली २०५९ को अनुसूची १७ बमोजिमको फाराम ।

उक्त अवधिभित्र प्राप्त हुन आएका आवेदनहरू शिक्षा नियमावली, २०५९ (दशौं संशोधन २०८३) तथा प्रचलित कानुन बमोजिम मूल्याङ्कन गरी आवश्यक प्रक्रिया अगाडि बढाइने व्यहोरा सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

<u>बोधार्थ:</u>

१.श्री शिक्षा विकास तथा समन्वय एकाइ, तानसेन पाल्पा (जानकारी तथा वेवसाइटमा प्रकाशनका लागि) ।
२.श्री शिक्षा, युवा तथा खेलकुद शाखा तिनाउ गाउँपालिका,दोभान पाल्पा (जानकारी तथा वेवसाइटमा प्रकाशनका लागि) ।
३.श्री तिनाउ गाउँपालिका वडा नं. ५ को वडा कार्यालय (जानकारीका लागि) ।
४.विद्यालयको सूचना पाटीमा तथा वेवसाइट एवं सामाजिक सञ्जालमा प्रकाशनका लागि ।

<u>सम्पर्क: ९८४७१९०७२६, ९८६७०४७९४५</u>

नन्द प्रसाद बढई
प्रधानाध्यापक